# कोशी प्रदेश सन्देशमूलक सूचना वितरण मार्गदर्शन, २०८२

प्रदेश सरकारको तर्फबाट लोक कल्याणकारी सूचना वितरणलाई अधि निष्पक्ष, पारदर्शी, अधिकतम पहुँच तथा व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मार्गदर्शन बनाई लागु गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मार्गदर्शनको नाम "कोशी प्रदेश सन्देशमूलक सूचना वितरण मार्गदर्शन २०८२" रहेको छ।

२. <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमाः

(क) **"अनलाइन सञ्चार माध्यम"** भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गीकार गरी इन्टरनेटको माध्यमबाट संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, भिडियो, एनिमेसन, युट्युव च्यानल तथा बहुमाध्यमको प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्विर, श्रव्यदृष्य उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने सञ्चार संस्थालाई सम्झनुपर्छ।

(ख) **"प्रकाशन संस्था"** भन्नाले समाचार पत्र, पत्रपत्रिका प्रकाशन गर्ने संस्था सम्झनुपर्छ।

(ग) **"आवेदक संस्था"** भन्नाले यस मार्गदर्शनको दफा ४ वमोजिमको सूचना अनुसार आवेदन दिई मन्त्रालयले सूचीकृत गरेका सञ्चार माध्यम सम्झनुपर्छ।

(घ) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

(ङ) **"प्रसारण संस्था"** भन्नाले प्रचलित कानून वमोजिम प्रसारण गर्न इजाजत प्राप्त रेडियो, एफ. एम. रेडियो तथा टेलीभिजन सञ्चालन गर्ने संस्था सम्झनुपर्छ।

(च) **"मन्त्रालय"** भन्नाले सूचना तथा सञ्चार सम्वन्धित विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(छ) **"सञ्चार माध्यम"** भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई कोशी प्रदेशमा मुख्य कार्यालय सहित सञ्चालनमा रहेका प्रकाशन संस्था, प्रसारण संस्था, अनलाइन सञ्चार माध्यम सम्झनुपर्छ। यस शव्दले वार्षिक रुपमा प्रकाशन गरिने स्मारिका, पुस्तक वा पात्रो प्रकाशन गर्ने संस्था समेतलाई जनाउँछ।

(ज) **"सन्देशमूलक सूचना"** भन्नाले यस मार्गदर्शन वमोजिम सञ्चार माध्यमलाई प्रकाशन तथा प्रसारणको लागि उपलव्ध गराइने जनचेतनामूलक, सन्देशमूलक एवम् लोककल्याणकारी सूचनालाई सम्झनुपर्छ।

मन्त्री

(झ) "सरकार" भन्नाले कोशी प्रदेश सरकार सम्झनुपर्छ।

३. <u>सन्देशमूलक सूचना संकलनः</u> (१) मन्त्रालयमा रहेको सबै महाशाखा शाखासँगको समन्वयमा श्रावण महिनाभित्र सालबसाली रुपमा मन्त्रालयले जारी गर्नुपर्ने सन्देशमूलक सूचनाहरु संकलन गर्नु पर्नेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख भए तापनि मन्त्रालयले आपतकालीन तथा अत्यावश्यक प्रकृतिका सूचना जुनसुकै समयमा उत्पादन, संकलन तथा प्रशारण गर्न सक्नेछ ।

४. <u>सूचना प्रकाशनः</u> (१) सन्देशमूलक सूचना उत्पादन, प्रकाशन वा प्रसारण गर्ने प्रयोजनको लागि मन्त्रालयले पन्ध्र दिनको म्याद दिई सञ्चार माध्यमलाई आवेदन गर्न मन्त्रालयले सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सन्देशमूलक सूचना प्रकाशन वा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र अनुसूची-१ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न राखी रीतपूर्वक निवेदन दिनुपर्नेछ।

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र र अनुमतिपत्र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) सञ्चालकको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,

(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सञ्चार माध्यम सञ्चालनमा रहेको एक वर्ष पूरा भएको प्रमाणपत्र,

(च) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र,

(छ) टेलिभिजन, एफ.एम. रेडियो, रेडियोको हकमा कार्यक्रम प्रसारण हुने समय तालिका, अनलाइन सञ्चार माध्यमको हकमा दैनिक पेज भ्रमणकर्ताको संख्या, अन्यको हकमा वार्षिक प्रकाशन हुने अंक संख्या र प्रकाशन हुने समय अन्तराल एवम् एक पटकमा प्रकाशन हुने प्रति (संख्या),

(ज) प्रसारण संस्थाको हकमा वर्षमा कम्तीमा ३०० दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तीमा ३०० दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तीमा ४० अंक प्रकाशन भएको स्वघोषणा पत्र,

(झ) अनलाइन सञ्चार माध्यमको हकमा सुचना तथा संचार विभागमा दर्ता खुल्ने कागजात र पत्रपत्रिकाको हकमा सूचना तथा सञ्चार विभागले गरेको वर्गीकरण खुल्ने कागजात,

(ञ) एफ.एम रेडियोको हकमा स्टेशन क्षमता खुल्ने कागजात।

(३) उपदफा (२) बमोजिम म्यादभित्र तथा उपदफा (२) वमोजिम कागजात पेस नगर्ने सञ्चार

मन्त्री

CamScanner

माध्यमलाई यस मार्गदर्शन वमोजिम सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण गर्न सूचना उपलव्ध गराइने छैन।

(४) रीतपूर्वक आवेदन पेश नगर्ने संस्थालाई सन्देशमूलक सूचना प्रकाशन गर्न दिइने छैन।

५. <u>सन्देशमूलक सूचना वितरणका प्राथमिकता</u>: सन्देशमूलक सूचनाको वितरण गर्दा देहाय बमोजिमका सञ्चार माध्यमलाई प्राथमिकता दिइनेछः-

(क) कोशी प्रदेशलाई कार्यक्षेत्र वनाई कोशी प्रदेश सरकार अन्तर्गतका निकायमा दर्ता भएका वा कोशी प्रदेशमा कार्यालय स्थापना भई संचालनमा रहेका,

(ख) प्रसारण तथा प्रकाशनवाट लाभान्वित हुने जनसंख्या वढी भएका,

(ग) आफ्नै छापाखाना, प्रसारण गृह वा प्रसारण केन्द्र भएका,

(घ) अनलाइन संचार माध्यमका हकमा कार्यालय स्थापना भई संचालनमा रहेका ।

६. <u>सन्देशमूलक सूचना वितरण सिफारिस समिति</u>: (१) सन्देशमूलक सूचना प्रकाशन तथा प्रशारण गर्ने प्रयोजनले माग गरिएको प्रस्ताव तथा निवेदनहरुको मूल्यांकन गरी मन्त्रालय समक्ष सिफारिस गर्न सञ्चार तथा सूचना प्रविधि महाशाखा प्रमुखको संयोजकत्वमा मन्त्रालयले तीन सदस्यीय समितिको गठन गर्नेछ।

(२) उपदफा (१) वमोजिमको समितिको वैठक आवश्यकता अनुसार वस्नेछ।

(३) समितिले आवश्यकतानुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

७. <u>सन्देशमूलक सूचना वितरण सिफारिस समितिको काम कर्तव्य</u>: दफा ६ को उपदफा (१) वमोजिम गठित समितिको काम कर्तव्य देहाय वमोजिम हुनेछ :-

(क) रीतपूर्वकको निवेदन दिएकाहरु मध्येवाट संस्था पंजिकरणका लागि सञ्चार माध्यमको सूची तयार गर्ने।

(ख) सञ्चार माध्यमको प्रकार/प्रकृति अनुसारको प्राथमिकता क्रम मन्त्रालय समक्ष सिफारिस गर्ने।

(ग) समितिले आवेदक संस्थालाई वजेटको परिधी, सूचना सामाग्रीको मात्रा, प्रसारणवाट सम्भावित लाभान्वित जनसंख्या र क्षेत्र समेतलाई मध्यनजर गरी सन्देशमूलक सूचनाको रकम तथा सूचना वाँडफाँडको सिफारिस मन्त्रालय समक्ष गर्ने।

८. <u>आवेदक संस्थाको सूची सार्वजनिक गर्ने</u>: मन्त्रालयले निवेदन दिने म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्र आवेदक संस्थाको सूची सार्वजनिक गर्नेछ। रित नपुगी आएका निवेदनहरुलाई सुचीमा समावेश गरिने छैन।

९. <u>सन्देशमूलक सूचनाको दररेट</u>: सन्देशमूलक सूचनाको दररेट अनुसूची-२ वमोजिम हुनेछ।

मन्त्री

१०. कायदिश दिनेः (१) सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण गर्नका लागि दफा-८ बमोजिमका आवेदक संस्थालाई मन्त्रालयले आवश्यकताअनुसार सूचना प्रसारणका लागि कायदिश दिनेछ ।

(२) उपदफा १ बमोजिमको कायदिश अनुसारको सूचना प्रकाशन तथा प्रसारण नगर्ने सञ्चार माध्यमलाई आगामी एक वर्षसम्म सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारणमा सहभागी गराइने छैन।

११. भुक्तानी गर्नेः (१) सञ्चार माध्यमले भुक्तानीका लागि देहायका कागजात सहित कार्य सम्पन्न भएको १५ दिनभित्र मन्त्रालय समक्ष निवेदन पेस गर्नुपर्नेछः-

(क) अनुसूची-३ बमोजिम निवेदन,

(ख) कार्य सम्पन्न प्रतिवेदन,

(ग) पत्रपत्रिकाको हकमा सन्देशमूलक सूचना प्रकाशित भएको अंक (सक्कलै),

(घ) रेडियो/एफ.एम.को हकमा प्रसारित सन्देशमूलक सूचनाको अडियो संलग्न पेन ड्राइभ वा सी.डी. तथा प्रमाणित प्रसारण तालिका,

(ङ) टेलिभिजनको हकमा प्रसारित सन्देशमूलक सूचनाको भिडियो संलग्न पेन ड्राइभ वा सी.डी. तथा प्रमाणित प्रसारण तालिका,

(च) अनलाइन सञ्चार माध्यमको हकमा प्रकाशित सूचनाको लिंक तथा प्रकाशन भएको खुल्ने प्रमाणित कागजात,

(छ) कार्यदिश पत्रको प्रतिलिपि तथा विल विजक।

(२) मन्त्रालयले सञ्चार माध्यमलाई भुक्तानी गर्दा नियमानुसारको करकट्टी गरी सञ्चार माध्यम सञ्चालन गर्ने संस्था वा सञ्चार माध्यमको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी गर्नेछ।

(३) यो मार्गदर्शन अनुसारको सन्देशमूलक सूचना वितरण प्रक्रिया पूरा नगरेको वा उपदफा (१) वमोजिमका कागजात सहित समयमै रीतपूर्वक निवेदन नभएका सञ्चार माध्यमलाई मन्त्रालयले सन्देशमूलक सूचना वापतको कुनै प्रकारको भुक्तानी दिने छैन।

१२. अनुगमन गर्ने तथा निर्देशन दिनेः सञ्चार माध्यमलाई सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण गर्ने सम्वन्धमा प्रचलित कानून वा यसै मार्गदर्शनको अधीनमा रही मन्त्रालयले संचार माध्यमको अनुगमन तथा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार माध्यमको कर्तव्य हुनेछ।

१३. मार्गदर्शन संशोधन तथा परिमार्जनः यस मार्गदर्शनमा उल्लेख भएका विषयहरुमा प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

१४. बाधा अड्काउ फुकाउः मार्गदर्शनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा आवश्यकता अनुसार मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ र त्यस्तो बाधा अड्काउ फुकाउको सूचना मन्त्रालयको

मन्त्री

CamScanner

वेव साइटमा राख्नु पर्नेछ।

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

१५. <u>बचाउ:</u> यो मार्गदर्शन जारी हुनु अघि भए गरेका सन्देशमूलक सूचना वितरण सम्वन्धी काम कारवाही यसै मार्गदर्शन वमोजिम भए गरेको मानिनेछ।

२०८२।१०।१२

मन्त्री

CamScanner

अनुसूची-१

( दफा ४ को उपदफा (२) सँग सम्वन्धित)

## सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारणका लागि आवेदन दिने दरखास्तको ढाँचा

मितिः-

श्रीमान सचिवज्यू

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

कोशी प्रदेश, विराटनगर।

विषयः- सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारणमा सहभागी गराई पाउँ।

उपरोक्त सम्बन्धमा मिति................................मा तहाँ मन्त्रालयबाट आह्वान भएको सूचना बमोजिम सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण कार्यक्रममा सहभागी गराई पाउन सन्देशमूलक सूचना वितरण मार्गदर्शन २०८२ को दफा ४ को उपदफा (२) मा उल्लेखित कागजात तथा आर्थिक प्रस्ताव संलग्न गरी यो निवेदन गरेको छु।

**निवेदन दिने सञ्चार माध्यमको विवरणः**

नामः-

ठेगानाः-

सम्पर्क नम्वरः-

इमेल ठेगानाः-

ह्वाट्सएप नम्वर (WhatsApp):-

सञ्चालकको नामः-

सञ्चार माध्यमको प्रकारः- (क)पत्रपत्रिका (ख) रेडियो/एफ.एम. रेडियो (ग) टेलिभिजन (घ) अनलाइन सञ्चार माध्यम

संलग्न कागजातहरु

१.

२.

३.

सञ्चालक/आधिकारिक व्यक्तिको नाम र दस्तखतः-

संस्थाको छापः-

मन्त्री

## अनुसूची २ (दफा ४ बमोजिम)

### सञ्चार माध्यमहरुमा सन्देशमूलक सूचना उत्पादन, प्रकाशन तथा प्रसारणको दररेट (भ्याटसहित)

| क्र.सं. | सञ्चार माध्यम | स्थान | साइज (न्युनतम) (सी.सी- कोलम से.मि.) | रङ्ग | अधिकतम दररेट (प्रेस काउन्सिलको पछिल्लो वर्गिकरण अनुसार) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
| १ | दैनिक पत्रिका | कभर पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | ५००० | ४५०० | ४००० | ३००० |
| | | | | साधा- | ३५०० | ३००० | २५०० | २००० |
| २ | साप्ताहिक | कभर पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | ४००० | ३५०० | ३००० | २००० |
| | | | | साधा- | २८०० | २४०० | २००० | १२५० |
| ३ | दैनिक पत्रिका | भित्री पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | ४००० | ३५०० | ३००० | २००० |
| | | | | साधा- | २८०० | २४०० | २००० | १२५० |
| ४ | साप्ताहिक | भित्री पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | ३००० | २५०० | २००० | १२५० |
| | | | | साधा- | २१०० | १७०० | १३०० | ११०० |
| ५ | पाक्षिक | भित्री पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | २००० | १५०० | १००० | ७०० |
| | | | | साधा- | १४०० | ११०० | ८०० | ७५० |
| ६ | मासिक | भित्री पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | १५०० | ११०० | ८०० | ७५० |
| | | | | साधा- | १००० | ९०० | ७५० | ७५० |
| ७ | द्वैमासिक/ त्रैमासिक/ चौमासिक | भित्री पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | १००० | ९०० | ७५० | ७५० |
| | | | | साधा- | ७०० | ६०० | ५०० | ४०० |
| ८ | पुस्तक/पात्रो | भित्री पृष्ठ | ३६ सी.सी प्रति अंक | कलर- | ४००० | | | |
| | | | | साधा- | २८०० | | | |
| ९ | रेडियो एफ.एम. | समय | एकाई | | ५०० वाट माथि | ५०० वाट सम्म | १०० वाट सम्म | कैफियत |
| | | सुपर प्राइम | प्रति मिनेट | | ४००० | ३५०० | ३००० | १० पटक सम्म प्रशारण गर्नु पर्ने |
| | | सामान्य | प्रति मिनेट | | ३००० | २५०० | २००० | |
| | | समय | एकाई | | अधिकतम दर | | | |
| १० | टेलिभिजन | सुपर प्राइम | प्रति मिनेट(५ पटकसम्म) | | ५००० | ५ पटक सम्म प्रशारण गर्नु पर्ने | | |
| | | प्राइम | प्रति मिनेट(५ पटकसम्म) | | ४००० | | | |
| | | सामान्य | प्रति मिनेट(५ पटकसम्म) | | ३००० | | | |
| ११ | अनलाइन माध्यम | | गृह पृष्ठ | | | | | |
| | | | भित्री पृष्ठ | | ३००० | | | |

मन्त्री

## अनुसुची-३ (दफा ११ को उपदफा (१) क बमोजिम)

## भुक्तानीका लागि निवेदनको ढाँचा

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,

कोशी प्रदेश, विराटनगर ।

विषयः भुक्तानी सम्बन्धमा ।

प्रस्तुत बिषयमा कोशी प्रदेश सन्देशमूलक सूचना मार्गदर्शन, २०८२ बमोजिम यस संस्था/संचार माध्यमले मिति.......... मा तहाँ मन्त्रालयको सूचना प्रकाशन गरेकाले बिलबमोजिम रकम भुक्तानी गरिदिनु हुन अनुरोध छ। साथै, उक्त सूचनाको प्रतिलिपि र बिल/बिजक यसैसाथ पेस गरेको छु।

निवेदक

नामथर

हस्ताक्षर

संस्था/संचारमाध्यमको नाम

मिति

संलग्न कागजात

१.

२.

३.

मन्त्री